# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सोह्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८०/१२/३०*

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/१२/२९ गते बिहिबार (तदनुसार ११ अप्रिल २०२४) का दिन बसेको सञ्चालक समितिको ३७२ औं बैठकको निर्णय बमोजिम कम्पनीको सोह्रौं वार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मितिः २०८१ साल बैशाख महिना २१ गते (तदनुसार ०३ मई २०२४) शुक्रबार**

**स्थानः होटल हैरिसन प्यालेस, विराटनगर**

**समयः बिहान १०:०० बजे**

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्ताव**

१) कम्पनीको सोह्रौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको मिति २०७९ साल पौष ६ गतेको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को मिति २०७९ साल पौष ६ गतेको नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

४) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ)

५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.४,५४,५५,७२,१००/- को २४.७४ प्रतिशतका दरले हुने रकम रु. १,१२,४५,७४,५३७/५४ नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

६) सञ्चालक समितिमा संस्थापक शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियूक्तिको अनुमोदन गर्ने ।

**ख) बिशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजी रु. ४,५४,५५,७२,१००/- (अक्षरेपी चार अर्ब चवन्न करोड पचपन्न लाख बहत्तर हजार एक सय मात्र) को १०.२६ प्रतिशतका दरले हुने रकम रु.४६,६३,७५,६९७/४६ (अक्षरेपी छयालिस करोड त्रिसठ्ठी लाख पचहत्तर हजार छ सय सन्तानब्बे र पैसा छयालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२) बोनस शेयर वितरण पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गरी रु.५,०१,१९,४७,७९७/४६ पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र/नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७९/०८० मा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।

**ग) विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी जानकारी

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, जारी प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

३) सभा हुने दिन सभामा सहभागीताका लागि सभा संचालन अवधि सम्मको लागि खुल्ला रहने छ ।

४) कम्पनीको शेयर दाखिल खारेज/शेयर कारोवार मिति २०८१/०१/०७ गते एक दिन बन्द गरिने छ । शेयर दाखिला खारेज बन्द हुने अघिल्लो दिन अर्थात मिति २०८१/०१/०६ गते सम्म नेपाल स्टक एक्स्चेन्ज लि. मा कारोवार भई सो को ७ दिन भित्र दाखिल खारेजको लागि शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त विवरणको आधारमा शेयरधनीको रेकर्ड कायम गरिने छ । सोही बमोजिम कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन् ।

५) सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी (विभाजन नहुने गरी) प्रतिनिधी पत्र (प्रोक्सी फारम) भरी मिति २०८१/०१/१८ गते अपरान्ह ५:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

६) नाबालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउनेछन् ।

७) कुनै एक शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता प्रोक्सी मान्य हुनेछ र निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

८) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९) सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा सहभागी हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

१०) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा सोको सुचना मिति २०८१/०१/१८ गते अपरान्ह ५:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

११) कुनै संगठीत संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१२) छलफलका विषय मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई छलफलको विषय लिखित रुपमा पेश गर्नु पर्नेछ ।

१३) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कर्पोरेट कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

**पुनश्चः** बार्षिक प्रतिवेदन लगायतका सूचनाहरु कम्पनीको वेभसाईट www.suryajyotilife.com मा समेत हेर्न तथा डाउनलोड गर्न सकिनेछ । साथै कम्पनीको कर्पोरेट कार्यालयबाट तथा एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट समेत प्राप्त गर्न सकिने छ ।

SuryaJyoti
जीवनको लागि


**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
रजिष्टर्ड कार्यालयः विराटनगर-७, मोरङ
कर्पोरेट कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ
सम्पर्क : ०१-४५४५९४१/४५४५९४२
Website: www.suryajyotilife.com